# भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
# BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979


प.सं. २०७३/०७४ प्र.शा. मितिः २०७३/१०/६

च.नं. १४०५६१

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषयः वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७३/९/२९ र २०७३/१०/२ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँप्रति पाना २ (दुई) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थः**
श्री सूचना शाखा,
भ.उ.म.न.पा.कार्यालय । (उक्त निर्णय न.पा. को वेभ साईडमा राख्नु हुन)

....................
**महेश बराल**
**कार्यकारी अधिकृत**
कार्यकारी अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / bmc@gmail.com, website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट उप-महानगरपालिका घोषणा मिति मङसिर १६, २०७१)

आज मिति २०७३ साल पौष २५ गते शुक्रवारका दिन बिहान ९.१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

कार्यकारी अधिकृत

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

ना.सु. श्री तेजराज खनाल

वरिष्ठ प्रशासकीय अधिकृत

निर्णय नं. १.

यस भरतपुर उप-महानगरपालिकाको कार्यालयले Geermu City, Haixi Prefectures, Qinghai Province, People's Republic of China संग भगिनी सम्बन्ध स्थापनाको लागि संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सहमति माग गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत

आज मिति २०७३ साल माघ २ गते आइतवारका दिन बिहान ९.१० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

कानुन अधिकृत श्री रुद्रेश्वर अधिकारी

ना.सु. श्री तेजप्रसाद खनाल

निर्णय नं. १

यस कार्यालयको पदपूर्ति समितिको मिति २०७३/१०/१ गते वसेको वैठकबाट पारित निर्णय नं. १ अनुसार पदपूर्तिका लागि भएको पद वाडफाडबाट आन्तरिक तर्फको अधिकृत स्तर छैटौं पद संख्या २(दुई) को आन्तरिक प्रतियोगितात्मक प्रतियोगीता द्वारा पदपूर्ति अगाडि वढाउनको लागि कार्यालयको आवश्यकता र औचित्यताको आधारमा प्रशासकीय अधिकृत पद संख्या १ (एक) र लेखा अधिकृत पद संख्या १ (एक) पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस कार्यालयको पदपूर्ति समितिको मिति २०७३/९/२९ गते वसेको वैठकबाट पारित निर्णय नं. २ र ३ अनुसार हाललाई खुल्ला तर्फका पदहरुमा विज्ञापन गर्ने कार्य स्थगन गर्ने  निर्णय गरियो ।